गोलन्जोर गाउँपालिका

# स्थानीय राजपत्र


खण्ड ९ संख्या ४ मितिः २०८२/१२/१०


## भाग -२
## गोलन्जोर गाउँपालिका

# गोलन्जोर गाउँपालिकाको सामुदायिक विद्यालयको तह र दरबन्दी मिलान कार्यविधि २०८२

गाउँ सभावाट स्वीकृत मिति २०८२/१२/१०

## गोलन्जोर गाउँपालिकाको सामुदायिक विद्यालयको तह र दरबन्दी मिलान कार्यविधि २०८२

प्रस्तावना : गोलन्जोर गाउँपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयमा न्यून विद्यार्थी संख्या तथा असमान दरबन्दी वितरणका कारण शिक्षक विद्यार्थी अनुपातमा भई रहेको असमानताले शैक्षिक गुणस्तरमा प्रभाव परेको हुँदा विद्यालय शिक्षामा सबै बालबालिकाले समतामूलक पहुँचको सुनिश्चितता गर्नका लागि सामुदायिक विद्यालयको तह मिलान तथा विद्यालयको तहगत, विषयगत शिक्षक दरबन्दी मिलान गर्न वान्छनीय भएकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को (ज) र गोलन्जोर गाउँपालिका शिक्षा ऐन २०७४ को दफा २७ ले दिएको अधिकार प्रयोग गरी गोलन्जोर गाउँपालिकाको सामुदायिक विद्यालयहरुको तह र दरबन्दी मिलान कार्यविधि, २०८२ स्वीकृत गरी लागू गरिएको छ ।

### परिच्छेद –१
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "गोलन्जोर गाउँपालिकाको सामुदायिक विद्यालयको तह र दरबन्दी मिलान कार्यविधि, २०८२" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(१) "गाउँपालिका" भन्नाले गोलन्जोर गाउँपालिकालाई सम्झनु पर्दछ ।

(२) "कार्यपालिका" भन्नाले गोलन्जोर गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ ।

(३) "शिक्षा समिति" भन्नाले गोलन्जोर गाउँपालिकाको गाउँ शिक्षा समितिलाई सम्झनु पर्दछ ।

(४) "सामुदायिक विद्यालय" भन्नाले गोलन्जोर गाउँपालिका अन्तर्गत सञ्चालित नेपाल सरकारबाट अनुदान प्राप्त विद्यालय सम्झनु पर्दछ ।

(५) "आधारभूत विद्यालय" भन्नाले बालविकासदेखि कक्षा आठसम्म शिक्षा दिइने विद्यालयलाई सम्झनु पर्दछ ।

(६) "माध्यमिक विद्यालय" भन्नाले कक्षा नौदेखि कक्षा बाह्रसम्मलाई सम्झनु पर्दछ ।

(७) "दरबन्दी" भन्नाले नेपाल सराकारद्वारा स्वीकृत स्थायी/अस्थायी,करार दरबन्दी सम्झनु पर्दछ ।

(८) "राहत शिक्षक" भन्नाले नेपाल सरकारबाट अनुदान प्राप्त राहत अनुदान कोटाको शिक्षक सम्झनु पर्दछ ।

(९) "अनुदान कोटा" भन्नाले संघीय अनुदान/प्रदेश अनुदान/स्थानीय अनुदान कोटा सम्झनु पर्दछ ।

(१०) "शिक्षक" भन्नाले सामुदायिक विद्यालयमा सरकारी अनुदानमा कार्यरत स्थायी, अस्थायी, करार, राहत र साविक उ.मा.शि. वा अन्य शिक्षकलाई सम्झनु पर्दछ सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँछ ।

(११) "बालविकास सहजकर्ता" भन्नाले प्रारम्भिक वाल कक्षामा कार्यरत वालविकास सहजकर्तालाई सम्झनु पर्दछ ।

(१२) "कर्मचारी" भन्नाले सामुदायिक विद्यालयमा सरकारी अनुदानमा कार्यरत विद्यालय कर्मचारी र विद्यालय सहयोगी कर्मचारीलाई सम्झनु पर्दछ ।

(१३) "तह मिलान" भन्नाले कम/बढी विद्यार्थी भएका विद्यालयलाई तह घटाउने वा बढाउने कार्यलाई सम्झनु पर्दछ ।

(१४) “दरबन्दी मिलान” भन्नाले शिक्षक तथा कर्मचारी दरबन्दीलाई विद्यार्थी संख्याका आधारमा व्यवस्थापन गर्ने कार्यलाई सम्झनु पर्दछ ।

(१५) “शिक्षा युवा तथा खेलकुद शाखा” भन्नाले गोलन्जोर गाउँपालिकाको कार्यालयको शिक्षा युवा तथा खेलकुद शाखा सम्झनु पर्दछ ।

## परिच्छेद –२
## विद्यालय तह र दरबन्दी मिलान सम्बन्धी व्यवस्था

**३.विद्यालय तह मिलान देहाय बमोजिम गरिनेछ ।**

(१) शैक्षिक सूचना व्यवस्थापन प्रणालीमा समावेश भएका विद्यार्थी संख्याका आधारमा विद्यालयको तह मिलान गरिनेछ । त्यसका साथै कार्यदल गठन गर्दा शिक्षक महासघ गोलन्जोर संम्योजकमा शिक्षक संघ, शिक्षक संगठन र शिक्षक युएनटिवो को प्रमुख वा प्रतिनिधि रहने गरी एक कार्यदल निर्माण गरि कार्यदल बाट सम्वन्धित वडाको वडा अध्यक्ष सँग सम्मन्वय गरी आवश्यकता अनुसार विधालयको स्थलगत अनुगमन गरी यथार्थ विवरण लिई सो समेतलाई आधार लिइनेछ।

(२) तह मिलान गर्दा एक विद्यालयबाट अर्को विद्यालयमा कम्तिमा ३० मिनेट समय लाग्ने दुरीलाई कायम गरिनेछ ।

(३) भौगोलिक रुपले विकट नभएको अवस्थामा कम्तिमा ३० मिनेटको समय र भौगोलिक विकटता भएमा कम्तिमा ४५ मिनेट समय लाग्ने र भविष्यमा पनि उक्त विद्यार्थी संख्या पुग्ने आधार नदेखिएमा त्यस्तो विद्यालयलाई तह मिलान गरिनेछ ।

(४) जनसंख्या वृद्धि दर कम भएको, जनसंख्या वृद्धि घट्दो दरमा भएको र भविष्यमा पनि जनसंख्या नबढ्ने खालको समुदायमा स्थापना भएको विद्यालयलाई तह मिलान गरिनेछ ।

(५) देहायको विद्यार्थी संख्याका आधारमा विद्यालयको तह मिलान गरिनेछ ।

| **कक्षा** | **प्रारम्भिक बालविकास केन्द्र** | **१-३** | **४-५** | **६-८** | **९-१०** | **११-१२** |
|---|---|---|---|---|---|---|
| **विद्यार्थी संख्या** | | ९ | ८ | १२ | २० | २५ |

माथि उल्लेखित तह र कक्षा बमोजिमको विद्यार्थी संख्या नभएको तर कक्षा १-५ मा १२, कक्षा १-८ मा ३५, कक्षा १-१० मा ८० र कक्षा १-१२ मा ११० जना विद्यार्थी संङ्ख्या भएमा विद्यालय तह मिलान तथा कक्षा समायोजन गरिने छैन ।

(६) तह मिलान गर्दा एक पटकमा एक तह भन्दा बढी गरिने छैन ।

(८) तह मिलान गर्दा विद्यार्थी संख्या हेरी एक पटकमा एक कक्षा घटाउने वा एक कक्षा भन्दा वढी थप गर्ने छैन ।

(९) हालको विद्यालय संरचनामा बालविकास मात्रै संचालन गर्ने व्यवस्था नभएको हुदा नजिकैको माध्यमिक विद्यालयहरुलाई मात्र विद्यालय तोकी कक्षा साविककै विद्यालय बाट संचालन गरिने र तलव भत्ता लगायत अन्य सवै काम मातृ विद्यालय बाटनै संचालन गरिने छ ।

**४. शिक्षक दरबन्दी मिलान देहाय बमोजिम गरिनेछ ।**

१. शैक्षिक सत्रको एकीकृत शैक्षिक सूचना प्रणाली (IEMIS) मा समावेश भएका विद्यालय, विद्यालयको तह, कक्षा, विषय र विद्यार्थी संख्याका आधारमा सत्यापन गर्दा प्राप्त विवरण बमोजिम शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन गरिनेछ । इमिस प्रणालीको विवरण सत्यापन गर्न आवश्यक ठानेमा त्यस्ता विद्यालयहरुको विवरण शिक्षा शाखा कार्यदलको सदस्य र सम्वन्धित वडा अध्यक्ष सहित स्थलगत अनुगमन गरी यथार्थ विवरणलाई अद्यावधिक गरी कायम गरिनेछ ।

२. विद्यालय शिक्षक दरबन्दी मिलान तथा पुनःवितरण गर्दा स्वीकृत दरबन्दी (स्थायी/अस्थायी), राहत कोटा, संघीय अनुदान, प्रदेश अनुदान र गापा अनुदान कोटा र विद्यालय समायोजन भई कामकाजमा खटिएका शिक्षक संङ्ख्या गणना गरी विद्यालयको जम्मा शिक्षक सङ्ख्या कायम गरिनेछ । प्राविधिक धारका प्रशिक्षक/सहायक प्रशिक्षक र साविक उ.मा.वि. अनुदान कोटामा कार्यरत शिक्षकलाई दरबन्दी मिलान तथा पुनः वितरण गर्दा शिक्षक सङ्ख्यामा कायम गरिने छैन ।

**३. प्रत्येक विद्यालयमा देहाय बमोजिम शिक्षक सङ्ख्या कायम गरिनेछ ।**

| **क्र.स.** | **तह र विद्यार्थी संख्या** | **कायम हुने शिक्षक संख्या** | **कैफियत** |
|---|---|---|---|
| १ | कक्षा १-३ (न्युनतम ९ जना सम्म विद्यार्थी भए १ जना र सो माथि भए ) | २ | |
| २ | कक्षा १-३ (३० भन्दा बढी ) | ३ | |
| ३ | कक्षा १-५(न्यूनतम् ) | ३ | |
| ४ | कक्षा १-५ (३५ भन्दा बढी ) | ४ | |
| ५ | कक्षा ६-८ | ४ | |
| ६ | कक्षा ९-१० | ५ | |
| ७ | कक्षा ११-१२ | २ | |
| ९ | कक्षा १-१० लाई न्यूनतम् १३ शिक्षक कायम गरिनेछ । | | |
| १० | कक्षा १-१२ लाई न्यूनतम् १५ शिक्षक कायम गरिनेछ । | | |
| ११ | कार्यविधि अनुसार दरबन्दी मिलान गर्दा दरबन्दी पुलमा रहेमा विद्यार्थी संख्या बढी भएका विद्यालयलाई प्राथमिकतामा राखी मिलान गरिनेछ । | | |
| १२ | विद्यालयको तह समायोजन गर्दा आवश्यकता हेरी तह बढाउन मनासिब देखिएमा कार्यपालिकाले अनुमति दिन सक्नेछ । | | |
| माथि उल्लिखित दरबन्दी कायम गर्दा स्वीकृत स्थायी, अस्थायी, करार, संघीय अनुदान, प्रदेश र पालिका अनुदानबाट प्राप्त दरबन्दी मात्र मिलान गरिनेछ । तह मिलान गर्दा बढी हुन गएको शिक्षक तथा कर्मचारीलाई सम्भव भएसम्म नजिकको विद्यार्थी संख्या बढी भएको विद्यालयमा समायोजन गरिने छ । तर संघिय अनुदान र प्रदेश अनुदान समेतलाई दरवन्दी मिलान गरिए पनि यि दरवन्दीमा कार्यरत शिक्षक लाई सो विद्यालय बाट अन्य विद्यालयमा सारिने छैन । | | | |

४. दरबन्दी थप पुनः वितरण गर्दा विद्यालयमा कार्यरत रहेका दफा (४) को उपदफा (२) बमोजिम कार्यरत वा रिक्त गरी जम्मा शिक्षक सङ्ख्या गणना गरी सोही दफाको उपदफा (३) बमोजिम तहगत रुपमा शिक्षक सङ्ख्या कायम गर्ने । त्यसो गर्दा नपुग हुने दरबन्दी हाल प्राथमिक तहमा बढी हुन आउने दरबन्दीबाट पूर्ति गरिने छ ।

५. कुनै विद्यालयमा माथिल्लो तहमा दरबन्दी अपुग भएको अवस्थामा तल्लो तहमा बढी रहेछ भने सबै तहको शिक्षक दरबन्दी, राहत वा पालिका अनुदान कोटामा एकमुष्ट गणना गरी दफा (४) को उपदफा (२) बमोजिम दरबन्दी सुनिश्चित गरी तहगत दरबन्दी मिलान गरिने छ ।

६. दरबन्दी वितरण र पुनः वितरण गर्दा विषयगत आवश्यकता, सामाजिक न्याय, समानुपातिक वितरण भौगोलिक विषमतालाई ध्यान दिँदै गुणस्तरीय शिक्षा प्रवर्द्धनमा जोड दिन विद्यालयमा बढी भएको शिक्षक दरबन्दी, राहत वा अनुदान कोटा स्थानीय तहमा पुलमा राखी शिक्षक कम भएका विद्यालयमा पुनः वितरण गरिने छ ।

७. प्रारम्भिक बाल कक्षामा २० जना भन्दा बढी विद्यार्थी भएमा उपलब्ध भएसम्म थप एक जना बालविकास सहजकर्ता उच्चतम विद्यार्थी सङ्ख्यालाई प्राथमिकतामा राखी थप गरिने छ ।

८. आधारभूत तह कक्षा ६-८ प्राथमिकता क्रम अनुसार अङ्ग्रेजी -१, गणित/विज्ञान -१, नेपाली-१, सामाजिक -१ विषयगत शिक्षक उपलब्ध भएसम्म विषयगत रुपमा मिलानको काम गर्ने । उपलब्ध हुन नसकेमा भविष्यमा हुने शिक्षकको नियुक्ति वा सरुवामा मिलान गर्दै लगिने छ ।

९. कक्षा ९-१० सञ्चालन भएका माध्यमिक विद्यालयको सम्बन्धमा प्राथमिकता क्रम अनुसार अङ्ग्रेजी -१, गणित-१, विज्ञान -१, नेपाली-१, सामाजिक -१ गरी जम्मा ५ वटा माध्यमिक तहको विषयगत शिक्षकको व्यवस्थापन गर्दै लगिने छ ।

१०. आधारभूत र माध्यमिक तहमा स्वीकृत दरबन्दी/राहत कोटा कट्टा भई सरुवा तथा पदस्थापन गर्नु पर्ने भएमा संघीय अनुदान र प्रदेश अनुदानको मापदण्डमा नपरेका विद्यालयहरुलाई उपलब्ध गराउनु पर्नेछ ।

११. दरबन्दी पुनः वितरण गर्दा आधारभूत तह, माध्यमिक तहमा तहगत र विषयगत रुपमा एक भन्दा बढी एउटै विषयको शिक्षक नहुने गरी शिक्षक थप वितरण गरिने छ ।

## परिच्छेद — ३
## पुल रहने दरबन्दी सम्बन्धी व्यवस्था

**५. पुलमा रहने शिक्षक दरबन्दी र राहत कोटा सम्बन्धी व्यवस्था :**

(क) विद्यालय तह तथा दरबन्दी मिलान भई गाभिएका विद्यालयमा कामकाजमा खटिएका शिक्षक तथा कर्मचारीहरु पुलमा रहनेछन् ।

(ख) दफा (४)को उपदफा (३) बमोजिम बढी भएमा शिक्षक पुलमा रहनेछन् ।

(ग) एउटै विद्यालयमा तहगत रुपमा एकभन्दा बढी विषयको दरबन्दी/राहत कोटामा शिक्षक कार्यरत रहेमा त्यस्तो विषयको शिक्षक बढी भएको हकमा दफा (४) को उपदफा (३) बमोजिम न्यूनतम सङ्ख्यालाई समेत बाधा परेको मानिने छैन । उक्त विषयको ठाउँमा विषयको आवश्यकता बमोजिम विषयगत शिक्षकको व्यवस्था गरिने छ ।

(घ) दफा (५) को उपदफा (क),(ख) र (ग) मा जुनसुकै कुरा भएता पनि अनुदान कोटा पुलमा रहने छैन ।

**६. विद्यालयगत रुपमा** दफा (४) को उपदफा (३) बमोजिम शिक्षक संङ्ख्या कायम भई (४) बमोजिम पुलमा रहने शिक्षक दरबन्दी र राहत कोटा अन्यत्र विद्यालयमा पठाउनु पर्नेछ ।

**७. विद्यालयमा कायम हुने** शिक्षक र अन्यत्र जाने शिक्षक संङ्ख्या (पुलमा रहने) र शिक्षक मिलानको विवरण शिक्षा शाखाले सार्वजनिक गर्नुपर्ने छ ।

## परिच्छेद –४
## शिक्षक व्यवस्थापन

**८. शिक्षक व्यवस्थापनका आधारहरु :** दफा ५ बमोजिम खुद पुलमा रहेको दरबन्दी गाउँपालिकाले पुनःवितरण गर्दा देहायको प्राथमिकताको आधारहरुमा वितरण गरी शिक्षकको सरुवा तथा पदस्थापन गर्नु पर्नेछ ।

(१) विद्यालय तह दरबन्दी मिलान भई कामकाजमा खटिएका शिक्षकको हकमा उक्त विद्यालयको शिक्षक संङ्ख्या पुलमा रहने व्यवस्था भएमा त्यस्ता शिक्षकलाई स्थानान्तरण गरिने छ ।

(२) आधारभूत र माध्यमिक तहमा तहगत रुपमा दरबन्दी/राहत कोटामा एक भन्दा बढी एउटै विषयका शिक्षक कार्यरत रहेका स्वेच्छिक भए सोही अनुरुप हुने, अन्यथा हाल कार्यरत रहेको तह र किसिमको नियुक्ति मितिको आधारमा नभई हाजिर भएको आधारमा कनिष्ठताको आधारमा स्थानान्तरण गरिनेछ । यसरी स्थानान्तरण गर्दा सम्भव भएसम्म "क" र "ख" वर्गको अपाङ्गता र महिलालाई प्राथमिकतामा राखी स्थानान्तरण गरिने छ ।

(३) खुद पुलमा रहेको दरबन्दी/राहत कोटा वितरण गर्दा सम्भव भएसम्म रिक्त रहेको राहत कोटालाई स्थानान्तरण गर्ने ।

(४) राहत कोटा स्थानान्तरण गर्दा पनि खुद पुल दरबन्दी बाँकी भएका रिक्त दरबन्दीलाई स्थानान्तरण गर्ने ।

(५) रिक्त दरबन्दी स्थानान्तरण गर्दा पनि पुल दरबन्दी बाँकी भएमा सम्बन्धित विद्यालयबाट स्वेच्छिक रुपमा जान चाहने शिक्षकको निवेदन लिई उपयुक्तता हेरी स्थानान्तरण गर्ने ।

(६) स्वेच्छिक रुपमा जान चाहने शिक्षक स्थानान्तरण गर्दा पनि पुल दरबन्दी बाँकी भएमा करारमा कार्यरत शिक्षकलाई निजले लिएको नियुक्ति मिति भन्दा हाजिर भएको मितिको कनिष्ठताको आधारमा स्थानान्तरण गर्ने ।

(७) करारमा कार्यरत शिक्षकलाई स्थानान्तरण गर्दा पनि पुल दरबन्दी बाँकी भए सम्भव भएसम्म "क" र "ख" वर्गको अपाङ्गता र महिला शिक्षकलाई प्राथमिकतामा राखी क्रमश गापा अनुदान, राहत कोटा र दरबन्दीमा कार्यरत स्थायी शिक्षकलाई हाल कार्यरत तह/श्रेणी र किसिमको नियुक्ती शिक्षकहरुको हाजिर भएको मितिलाई आधार लिई कनिष्ठताको आधारमा स्थानान्तरण गर्ने ।

(८) शिक्षकको स्थानान्तरण गर्दा दरबन्दी, तह र विषय मिलेमा सम्भव भएसम्म पति, पत्नी एकै विद्यालयमा पर्ने गरी मिलान गर्ने ।

(९) वार्षिक एकमुष्ट अनुदानबाट सञ्चालित विद्यालयहरु सोही कार्यविधि अनुसार सञ्चालन हुनेछ ।

(१०) विद्यालय तह मिलान गर्दा संघीय र प्रदेश अनुदानमा कार्यरत शिक्षकको समायोजन गर्दा विद्यालयको विषयगत आधारमा पालिकाभित्र रिक्त रहेको विद्यालयमा संघिय अनुदान नघट्नेगरी मापदण्ड अनुसार नै स्थानान्तरण गर्न सकिने छ ।

**९. सरुवा तथा पदस्थापन** :

(१) दफा ७ बमोजिम पुलमा रहने शिक्षक संङ्ख्या र दफा ८ बमोजिम सरुवा हुने शिक्षकको विवरण कार्यदल द्धारा तयार गरि शिक्षा शाखामा पेश गरिनेछ छ र शिक्षा शाखाले शिक्षा समितिको सिफारिस सहित कार्यपालिकामा पेश गर्ने र कार्यपालिकाले आवश्यक ठहरान्यमा सरुवा वा पदस्थापन गर्ने छ ।

(२) दरबन्दी प्राप्त गर्ने विद्यालय र सरुवा हुने शिक्षक संङ्ख्याका आधारमा "क" र "ख" वर्गको अपाङ्ग र

महिला शिक्षकलाई प्राथमिकतामा राखी  शिक्षकको सरुवा तथा पदस्थापनको कार्य गरिने छ ।

(३) दफा(९) को उपदफा (२) बमोजिम सरुवा/पदस्थापन गर्दा तल्लो तहमा कार्यरत शिक्षकको माथिल्लो तहको शैक्षिक योग्यता भएमा त्यस्ता शिक्षकहरुलाई विद्यालयको विषयगत आवश्यकतालाई ध्यानमा राखी सरुवा तथा पदस्थापनको कार्य गरिने छ ।

(४) शिक्षकले पालना गर्नु पर्ने आचारसंहिता पालना नगर्ने शिक्षकलाई प्रचलित कानुन बमोजिम सफाइको मौका दिई  शिक्षा समितिको सिफारिसमा कार्यपालिकाले बढीमा ६ महिनाका लागि सरुवा/पदस्थापन वा कामकाजमा खटाउन सक्नेछ ।

(५) कार्यविधि बमोजिम शिक्षकको दरबन्दी मिलान, सरुवा तथा पदस्थापनको निर्णय शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाले गर्नेछ ।

## परिच्छेद –५
## विषयगत दरबन्दी मिलान सम्बन्धी व्यवस्था

**१०. शिक्षक विषयगत दरबन्दी मिलान देहाय बमोजिम गरिने छ ।**

(१) शिक्षकको विद्यालयगत सङ्ख्यात्मक दरबन्दी मिलान कार्य सम्पन्न भए पश्चात् विषयगत दरबन्दी मिलान कार्य गरिने छ ।

(२) गाउँपालिका भित्रका आधारभूत र माध्यमिक विद्यालयमा दफा (१०) को उपदफा (१) बमोजिम मिलान पश्चात् कायम भएको शिक्षक संङ्ख्याका आधारमा दफा (४) को उपदफा (८ र ९) बमोजिम कायम हुने विषयगत विवरण तयार पारी कुन विद्यालयमा कुन विषयको शिक्षक आवश्यक हो पहिचान गरिने छ ।

(३) आधारभूत र माध्यमिक विद्यालयमा विषयगत शिक्षक अभावलाई परिपूर्ति गर्नका लागि विद्यालयमा प्राथमिक तहमा कार्यरत शिक्षकको माथिल्लो शैक्षिक योग्यता र मुख्य विषय खुलाई हाजिरी मितिको आधारमा ऋमश विवरण तयार गरिने छ ।

(४) दफा (१०) को उपदफा (३) बमोजिम विद्यालयको विषयगत शिक्षक आवश्यक्ता अनुसार विषयगत शिक्षक व्यवस्थापनका लागि कनिष्ठताका आधारमा सरुवा/पदस्थापन गरिने छ। यसरी शिक्षकलाई सरुवा/पदस्थापन गर्दा सम्भव भएसम्म घरपायक हुनेगरी "क" र "ख" वर्गको अपाङ्गता र महिलालाई प्राथमिकतामा राखी सरुवा/पदस्थापन कार्य गरिने छ ।

(५) दफा (१०) को उपदफा ४ बमोजिम विषयगत शिक्षक प्राप्त गर्ने विद्यालयबाट सरुवा भई आए पश्चात रिक्त हुने शिक्षकको ठाउँमा परिच्छेद ३ र ४ बमोजिम प्रतिकुल नहुने गरी शिक्षक सरुवा/पदस्थापन गरी व्यवस्था मिलाइने छ ।

(६) विषयगत दरबन्दी मिलान गर्दा विद्यालयमा सोही विषयको शिक्षक अभाव नहुने गरी सरुवा/पदस्थापनको कार्य गर्नुपर्नेछ।

## परिच्छेद –६
## विविध

**११. शिक्षक सरुवा भएको स्थानमा जानुपर्ने :** यस कार्यविधि बमोजिम सरुवा भएका शिक्षकहरु प्रचलित कानुनले तोकेको समयभित्र सरुवा भएको विद्यालयमा अनिवार्य रुपमा हाजिर गर्नु पर्नेछ । यसरी तोकिएको समयमा हाजिरी हुन नजाने शिक्षकलाई सम्बन्धित विद्यालयले हाजिर गराउन बाध्य हुने छैन ।

**१२. विद्यालयले अनिवार्य रुपमा हाजिर गराउनु पर्ने :** दरबन्दीसहित वा यस कार्यविधि बमोजिम सरुवा भई आएका शिक्षकलाई विद्यालयले अनिवार्यरुपमा हाजिर गराउनु पर्नेछ ।

**१३. प्रधानाध्यापक जिम्मेवार हुने** : यस कार्यविधि बमोजिम दरबन्दी पुनःवितरण तथा शिक्षक व्यवस्थापनको कार्यबाट सरुवा भई आएका शिक्षकलाई विद्यालयमा हाजिर गराउने तथा सरुवा भई जाने शिक्षकलाई रमाना दिने जिम्मेवारी सम्बन्धित विद्यालयको प्रधानाध्यापकको हुनेछ ।

**१४. आवधिक दरबन्दी मिलान सम्बन्धी व्यवस्था :**

(१) जनसांख्यिक संरचना परिवर्तन भएको कारण स्वीकृत कार्यविधिअनुसार शिक्षक विद्यार्थी अनुपात थपघट हुन गई दरबन्दी मिलान तथा पुनःवितरण गर्न आवश्यक देखिएमा यस्तो कार्य गाउँपालिकाले आवश्यकता अनुसार गर्नुपर्नेछ । यो कार्य आगामी वर्षको नयाँ शैक्षिक सत्र हुनु अगावै सम्पन्न गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दरबन्दी मिलान तथा पुनःवितरण गर्दा यस कार्यविधिमा उल्लेख भएको आधार र तरिका बमोजिम गर्नुपर्ने छ ।

(३) दरबन्दी मिलान तथा पुनःवितरण गर्दा शिक्षक सरुवा गर्नु पर्ने अवस्था आएमा शैक्षिक सत्र सुरु हुनु भन्दा एक महिना अगावै पुनःवितरणको कार्य सम्पन्न गरी नयाँ शैक्षिक सत्र सुरु हुँदाको बखत शिक्षक सरुवा भएको विद्यालयमा हाजिर हुने वातावरण समेत मिलाउनु पर्नेछ ।

**१५. समन्वय तथा सहजीकरण गर्ने :** दरबन्दी पुनःवितरण तथा शिक्षक व्यवस्थापनको सन्दर्भमा आफ्नो विद्यालयबाट दरबन्दी कट्टा हुने अवस्था भएमा वा आफ्नो विद्यालयमा शिक्षक सरुवा भई आएमा उक्त कार्यका लागि सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिले समन्वय र सहजीकरण गर्नुपर्ने छ ।

**१६. समन्वय तथा सहयोग गर्नुपर्ने :** गोलन्जोर गाउँपालिकाको शिक्षासंग सरोकारवालाहरु, वुद्धिजिवी र नागरिक समाज, गोलन्जोर गाउँ शिक्षक महासंघ तथा शिक्षक पेसागत संघ संगठनहरुले शिक्षक दरबन्दी पुनः वितरण तथा शिक्षक व्यवस्थापनको लागि गाउँपालिकाले गरेका कार्यहरुमा आवश्यक समन्वय तथा सहयोग गर्नुपर्ने छ

**१७. बाझिएमा अमान्य हुने :** यो कार्यविधिको कुनै व्यवस्था प्रचलित कानुनसँग बाझिएमा बाझिएको हदसम्म कार्यविधिको व्यवस्था अमान्य हुनेछ ।

आज्ञाले
मान बहादुर बराल
प्रमुख प्रशासकीय अधिकृत